जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १३ • अंक ३३६ • २०८३ असोज ८ गते विहिवार • 24 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## महोत्तरीमा राजस्व चुहावट नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउने निर्णय



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ७ असोज**

महोत्तरीमा राजस्व चुहावट नियन्त्रण गर्न सीमा क्षेत्रदेखि स्थानीय बजारसम्म निगरानी र अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको छ ।

राजस्व चुहावट नियन्त्रण समितिको बैठकले चोरीपैठारी नियन्त्रण, विदेशी नम्बर प्लेटका सवारी साधनको अनुगमन तथा भन्सार छलीका सामानको बजारमा हुने बिक्रीवितरण रोक्न सुरक्षा निकाय र सम्बन्धित कार्यालयबीच समन्वय बढाउने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा बुधबार बसेको समितिको बैठकले जिल्लाका संवेदनशील नाका तथा चोरीबाटो पहिचान गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त तथा आकस्मिक गस्ती बढाउने निर्णय गरेको छ ।

राजस्व छलीमा संलग्न व्यक्ति तथा समूहको गतिविधिमाथि निगरानी बढाउँदै आवश्यक कारबाही अघि बढाउने निर्णयसमेत बैठकले गरेको छ। बैठकमा जलेश्वर भन्सार कार्यालयको चालु आर्थिक वर्षको राजस्व असुली र मुद्दा फछ्र्योटको अवस्थासमेत समीक्षा गरिएको थियो । कार्यालयको वार्षिक राजस्व लक्ष्य २ अर्ब ९२ करोड रुपैयाँ रहेकोमा भदौ मसान्तसम्म १८ दशमलव ७५ प्रतिशत राजस्व असुली भएको जनाइएको छ । साउन महिनाका लागि १४ करोड रुपैयाँ लक्ष्य तोकिएकोमा १७ करोड ३७ लाख रुपैयाँ तथा भदौमा १६ करोड रुपैयाँ लक्ष्य रहेकामा २० करोड ४ लाख रुपैयाँ राजस्व असुली भएको बैठकमा प्रस्तुत विवरणमा उल्लेख छ ।

त्यस्तै, भदौ मसान्तसम्म सुरक्षा निकायबाट जलेश्वर भन्सार कार्यालयमा दाखिला गरिएका १५८ वटा मुद्दामध्ये १०४ वटा मुद्दाको लिलामी प्रक्रिया सम्पन्न भएको छ । ती मुद्दामा ४ करोड ३८ लाख ५४ हजार २७ रुपैयाँ बराबरको प्रतिवेदन मूल्य रहेकोमा लिलामीबाट ८४ लाख २७ हजार ६३० रुपैयाँ राजस्व दाखिला भएको जनाइएको छ । बैठकले भारतीय तथा अन्य विदेशी नम्बर प्लेटका सवारी साधनको अस्थायी पैठारीलाई व्यवस्थित गर्न भन्सार विभागले लागू गरेको नयाँ अनलाइन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

नेपाल प्रवेश गर्दा प्राप्त सुविधाको अवधि सकिएपछि सम्बन्धित मुलुकतर्फ फर्कने विदेशी सवारी साधनलाई प्रणालीमा अनिवार्य रूपमा फिर्ती दर्ता गराउनुपर्ने व्यवस्थाको कडाइका साथ अनुगमन गरिने भएको छ। भन्सार नाका तथा सुरक्षा चेकपोस्टमा खटिने नेपाल प्रहरी र सशस्त्र प्रहरीले फिर्ता जाने विदेशी सवारी साधनको प्रणालीमा फिर्ती दर्ता भए-नभएको जाँच गर्नेछन् । निर्धारित समयभित्र फिर्ता नगरेका वा प्रणालीमा फिर्ती दर्ता नगराई नेपालमै सञ्चालन भइरहेका म्याद नाघेका विदेशी सवारी साधन पहिचान गरी नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने निर्णय भएको छ । यसैगरी, भन्सार छली तथा प्रतिबन्धित वस्तुको अवैध कारोबार रोक्न स्थानीय बजारमा नियमित अनुगमन गर्ने निर्णय भएको छ ।

## यातायात कार्यालयभित्रै दलालको दबदबा रहेको सेवाग्राहीहरुको गुनासो

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ असोज**



सवारी चालक अनुमतिपत्र तथा यातायात सम्बन्धी सेवा लिन जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालय पुग्ने सेवाग्राहीले कार्यालयभित्रै दलालको दबदबा रहेको गुनासो गरेका छन् ।

सेवा लिन कार्यालय पुगेका सर्वसाधारण लामो समयसम्म लाइनमा बस्नुपर्ने अवस्था रहे पनि दलालमार्फत आउने व्यक्तिको काम भने सहज रूपमा हुने गरेको उनीहरूको आरोप छ। कार्यालयको सेवा कक्षदेखि विभिन्न शाखासम्म दलालको पहुँच देखिने गरेको सेवाग्राहीको भनाइ छ। सर्वसाधारण सेवाग्राही झ्यालबाहिर लाइनमा बसेर आफ्नो पालो कुर्न बाध्य भइरहेका बेला दलालहरू भने कार्यालयभित्रै प्रवेश गरी कर्मचारीसँग प्रत्यक्ष सम्पर्क गरेर काम गराउने गरेको दृश्य देखिने गरेको छ ।

कार्यालयमा सेवा लिन पुगेका रामकुमार यादवले आफू बिहानैदेखि लाइनमा बसे पनि आफ्नो पालो आउन निकै समय लागेको बताए। तर, आफूभन्दा पछि आएका केही व्यक्तिले कार्यालयका कर्मचारीसँग प्रत्यक्ष सम्पर्क गरेर कागजात बुझाउने र काम गराउने गरेको उनले बताए । 'हामी सर्वसाधारण लाइनमा घण्टौँ उभिनुपर्ने, तर चिनजान भएका वा दलालमार्फत आएका मानिसहरू सिधै भित्र गएर काम गराउने अवस्था छ,' उनले भने । त्यस्तै, कविता साहले आफूलाई कार्यालयको प्रक्रिया र आवश्यक कागजातबारे स्पष्ट जानकारी नहुँदा पटकपटक कार्यालय धाउनुपरेको बताइन् ।

## नौवाखोरमा इन्द्र पूजाको रौनक, कलश यात्रामा उमंगपूर्ण सहभागिता




**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ७ असोज**

धनुषाको हंसपुर नगरपालिका-७, नौवाखोरमा श्री श्री १०८ श्री इन्द्र पूजाको अवसरमा भव्य कलश यात्रा निकालिएको छ। धार्मिक आस्था, मौलिक संस्कृति र सामाजिक एकताको सन्देश बोकेको कलश यात्रामा महिला, युवा तथा स्थानीय श्रद्धालुहरूको उत्साहपूर्ण सहभागिता देखिएको थियो ।

परम्परागत विधि र धार्मिक संस्कार अनुसार निकालिएको यात्राले नौवाखोरको धार्मिक तथा सांस्कृतिक वातावरणलाई थप उल्लासमय बनाएको थियो। कलश यात्राका क्रममा स्थानीयवासीको उल्लेखनीय सहभागिताले समुदायमा धार्मिक आस्था, आपसी सद्भाव र भाइचार ाको भावना झल्किएको थियो। कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता मनोज कुमार यादव, देवकृष्ण मण्डल, विनोद कुमार साहलगायत स्थानीय अगुवा तथा श्रद्धालुहरूको सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै युवा नेता यादवले संस्कृति र परम्परा कुनै एक पुस्ताको मात्र सम्पत्ति नभएको बताए। उनले नयाँ पुस्तालाई आफ्नो मौलिक पहिचान, संस्कृति र परम्पर ासँग जोड्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे। उनले धार्मिक आस्थालाई सामाजिक सद्भाव, प्रेम र सहकार्यको माध्यम बनाउनुपर्नेमा जोड दिँदै यस्ता पर्व तथा पूजाले समुदायबीचको सम्बन्ध थप सुदृढ बनाउने बताए । कलश यात्रामा सहभागी स्थानीय श्रद्धालुहरूले इन्द्र पूजाले धार्मिक आस्थासँगै स्थानीय कला, संस्कृति र परम्पराको संर क्षणमा समेत योगदान पुर्‍याएको बताएका छन्। उत्साहपूर्ण सहभागिताबीच सम्पन्न कलश यात्राले नौवाखोरमा धार्मिक तथा सांस्कृतिक उत्सवको रौनक थपेको थियो ।

**बिल लिने र दिने बानी बसालौं**

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रुपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

**सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




# उच्च सतर्कता अपनाउन आग्रह

जल तथा मौसम विज्ञान विभागको अनुसार सबै जनाले उच्च सतर्कता अपनाउन जरुरी रहेको छ । जल तथा मौसम विज्ञान विभागले दार्चुला, बझाङ, हुम्ला, मुगु, डोल्पा, मुस्ताङ, मनाङ, गोरखा, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ र बाजुरामा रेड अलर्ट जारी गरेको छ । आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी लुम्बिनी प्रदेशका केही स्थानहरूमा मेघ ’गर्जन च’ट्याङ हावाहु’रीका साथ भारी वर्षा तथा एक दुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । विभागका अनुसार मधेश, कोशी बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा च’ट्याङ हावाहु’रीका साथ भारी वर्षा र अति भारी वर्षा ,कर्णाली प्रदेशमा पनि भारी वर्षाको सम्भावना रहेको छ । देशका अधिकांश भागहरूमा मेघ ’गर्जन च’ट्याङ हावाहु’री सहित मध्यम वर्षा हुनेछ । तसर्थ बा’ढी प’हिरो तथा भू’क्षयको जो’खिम रहेको सहरी तथा तराईका क्षेत्रहरूमा डु’बानको जो’खिम, साना तथा ठूला नदीहरूमा जल सतह बढ्ने भएकाले नदी आसपासमा भएका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्र’भावित हुने भएकाले सतर्कता अपनाउन विभागले आग्रह गरेको छ । यसैगरी हिमाली क्षेत्रमा पनि भारी वर्षा र भारी हिमपा’तको सम्भावना भएकोले पर्वातारोही तथा सम्बन्धित सबैले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । हिन्दुहरुको महान आस्थाको पर्व ईन्द्र पुजा पनि यसै समयको वरिपरी पर्ने भएकोले बुधबार बेलुकादेखि नै मधेसमा वर्षाको संकेत देखिएकोले सबैले आफ्नो ठाउँमा उच्च सतर्कता अपनाउन जरुरी देखिन्छ।

# मासु, माछा पसलमा गरिएको अनुगमनमा १० व्यक्ति पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ असोज**



जनकपुरधाम उपमहा नगरपालिकाका मासु तथा माछा पसलमा गरिएको संयुक्त अनुगमनका क्रममा १० जना पक्राउ परेका छन् भने मापदण्ड उल्लंघन गर्ने पाँच वटा पसलमाथि दण्ड तथा जरिवाना गरिएको छ ।

मधेश प्रदेशका गृहमन्त्री फकीरा महतोको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र जनकपुरधाम उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखा सहितको संयुक्त टोलीले विभिन्न मासु तथा माछा पसलको स्थलगत अनुगमन गरेको हो । अनुगमनका क्रममा पसलको सरसफाइ, खाद्य स्वच्छता, मासु तथा माछाको गुणस्तर, भण्डारणको अवस्था तथा व्यवसाय सञ्चालनका लागि आवश्यक मापदण्ड पालना भए-नभएकोबारे निरीक्षण गरिएको थियो । अनुगमन टोलीमा जनकपुरधाम उपमहानगरपालिकाका तर्फबाट डा. अमरकुमार साहसमेत सहभागी थिए । अनुगमनका क्रममा निर्धारित मापदण्ड तथा प्रचलित नियमको उल्लंघन गरेको पाइएपछि पाँच वटा पसललाई दण्ड तथा जरिवाना गरिएको जनाइएको छ । त्यस्तै, नियमविपरीत व्यवसाय सञ्चालन तथा अन्य कसुरमा संलग्न १० जनालाई नियन्त्रणमा लिएर आवश्यक कारबाही अघि बढाइएको टोलीले जनाएको छ ।

उपभोक्ताले दैनिक उपभोग गर्ने मासु तथा माछाको स्वच्छता र गुणस्तरमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले पसल सञ्चालनमा आवश्यक मापदण्ड पालना गराउन अनुगमनलाई निरन्तरता दिइने गृहमन्त्री महतोले बताए ।

# महेन्द्रनगरका व्यापारीहरुद्वारा बजार बन्द गरी प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ असोज**



गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिएको विरोधमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका व्यापारीले बजार बन्द गरी प्रदर्शन गरेका छन् । स्थानीय व्यापारी शिवशङ्कर साहको गोदामबाट सामान नियन्त्रणमा लिएको विषयलाई लिएर छिरेश्वरनाथ उद्योग वाणिज्य सङ्घको अगुवाइमा व्यवसायीहरू आन्दोलनमा उत्रिएका हुन् । गत आइतबार जनकपुर भन्सार कार्यालय, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले महेन्द्रनगरस्थित साहको शङ्कर शम्भु जनरल स्टोरको गोदाममा छापा मारेको थियो ।

टोलीले गोदामबाट खर्बुजाको बीउ, बदाम, पार्ले चकलेटलगायत विभिन्न सामान नियन्त्रणमा लिएर लगेको व्यापारीको भनाइ छ । व्यापारीहरूले आफूले वैध रूपमा खरिद गरेका सामानको बिलबिजक हुँदाहुँदै गोदामको ताला तोडेर सामान उठाइएको आरोप लगाएका छन् । त्यसको विरोधमा बजार बन्द गर्दै प्रदर्शन गर्नुपरेको छिरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवले बताए ।

उनले व्यवसायीका कागजात र सामानको स्रोतको आवश्यक जाँच नगरी एकतर्फी रूपमा सामान नियन्त्रणमा लिने कार्यले स्थानीय व्यवसायीलाई निरुत्साहित बनाएको बताए । सामान वैध वा अवैध भन्ने विषय आवश्यक अनुसन्धान र प्रमाणका आधारमा टुङ्ग्याउनुपर्ने भन्दै सङ्घले निष्पक्ष छानबिनको माग गरेको छ । यसअघि व्यापारी साहले पत्रकार सम्मेलन मार्फत आफ्नो व्यवसायबाट नियमित रूपमा कर तिर्दै आएको र गोदाममा रहेका सामानको खरिद तथा बिक्रीसम्बन्धी बिलबिजक आफूसँग रहेको दाबी गरेका थिए । उनले गोदामबाट करिब ७५ देखि ८० लाख रुपैयाँ बराबरको सामान लगिएको दाबी गर्दै त्यसमा खर्बुजाको बीउ मात्रै करिब ३२ लाख रुपैयाँ बराबरको रहेको बताए ।

साहका अनुसार गोदाममा रहेका अधिकांश सामान नेपाली उत्पादन वा वैध माध्यमबाट खरिद गरिएका हुन् । आफूले नियमित रूपमा कर तिर्दै आएको र व्यवसायसँग सम्बन्धित कर तथा अन्य कागजातसमेत अद्यावधिक रहेको उनको दाबी छ ।


## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मित्रतामा फाटो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: आम्दानी हुने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# एआईका सम्भावित जोखिम व्यवस्थापन गर्न विश्वव्यापी सहकार्यलाई प्रभावकारी बनाउनुपर्छ : गुटेरेस



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ असोज**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र विकाससँगै देखिन सक्ने सम्भावित जोखिमलाई जिम्मेवार र सुरक्षित ढंगले व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सहकार्यलाई थप प्रभावकारी बनाउन आग्रह गरेका छन् । उनले यसका लागि सदस्य राष्ट्रहरूबिच सहमतिमा आधारित बहुपक्षीय एआई जोखिम व्यवस्थापनसम्बन्धी ढाँचा निर्माण गर्न आवश्यक रहेको बताए ।

संयुक्त राष्ट्रसंघ महासभाको ८१औँ अधिवेशनको सामान्य बहस उद्घाटनका क्रममा मंगलबार सम्बोधन गर्दै महासचिव गुटेरेसले प्रविधिको तीव्र विकाससँगै विश्वमा शक्ति र प्रभावको स्वरूपमा पनि परिवर्तन भइरहेको उल्लेख गरे । उनका अनुसार विगतमा शक्ति मुख्यतः भूभाग, त्यसपछि उद्योग र वित्तसँग सम्बन्धित थियो भने अहिले डेटा, कम्प्युटिङ क्षमता र एल्गोरिदमको भूमिका निरन्तर बढिरहेको छ । एआई प्रविधिको विकास अत्यन्त तीव्र गतिमा भइरहेको उल्लेख गर्दै गुटेरेसले यसको सम्भावित प्रभावलाई पूर्ण रूपमा बुझ्न तथा भविष्यमा देखिन सक्ने चुनौतीका लागि समयमै तयारी गर्न अन्तर्राष्ट्रिय समुदायले मिलेर काम गर्नुपर्ने बताए । उनले एआईको विकास र प्रयोग पारदर्शी, जिम्मेवार र जवाफदेही ढंगले अघि बढाउनु आवश्यक रहेको उल्लेख गरे ।

महासचिव गुटेरेसले प्रविधि आफैँमा चुनौती नभएको स्पष्ट गर्दै यसको प्रयोगमा उचित निगरानी, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने बताए । एआई प्रणाली विकासमा संलग्न केही विज्ञहरूले समेत सम्भावित सुरक्षा जोखिमबारे चिन्ता व्यक्त गरिरहेको उल्लेख गर्दै उनले सम्बन्धित विषयमा समयमै आवश्यक सावधानी अपनाउनुपर्ने धारणा व्यक्त गरे । सरकारहरूको प्रमुख जिम्मेवारी आफ्ना नागरिकको सुरक्षा र हित सुनिश्चित गर्नु रहेको उल्लेख गर्दै गुटेरेसले एआई क्षेत्रमा अग्रणी क्षमता भएका देशहरूले अन्तर्राष्ट्रिय समुदायसँग जिम्मेवार र रचनात्मक रूपमा सहकार्य गर्नुपर्ने बताए । उनले संवाद, पारदर्शिता, आपसी विश्वास र सहयोगलाई थप सुदृढ बनाउने वातावरण निर्माण गर्न पनि आग्रह गरे ।

# प्रभासको बहुप्रतीक्षित फिल्म 'फौजी'को रिलिज स्थगित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ असोज**

'बाहुबली' फेम अभिनेता प्रभासको मुख्य भूमिका रहने बहुप्रतीक्षित फिल्म 'फौजी' को प्रदर्शन मिति पछि सरेको छ ।

लामो समयदेखि चर्चामा रहेको राघवपुडीको निर्देशन रहेको फिल्मको रिलिज पोस्टपोन्ड भएको निर्माण पक्षले जानकारी दिएको छ । फिल्मको पोस्ट-प्रोडक्सन (सम्पादन तथा भिएफएक्स)को काम अझै धेरै बाँकी रहेकाले प्रदर्शन मिति सारिएको बताइएको छ । नयाँ प्रदर्शन मितिको टुङ्गो नलागे पनि




अब यो फिल्म सन् २०२७ सम्ममा मात्रै रिलिज हुने बताइन्छ ।

'माइथ्री मुभी मेकर्स'का निर्माता वाई रवि शंकरले एक कार्यक्रममा बोल्दै फिल्म सरेको जानकारी दिएका थिए । प्रदर्शन मिति सरेकोमा उनले दर्शकसँग माफी समेत माग्दै यो अतिरिक्त समयले फिल्मलाई अझ भव्य बनाउन मद्दत गर्ने बताए । निर्माता रवि शंकरले भनेका छन्, फौजीको रिलिज केही समय पछाडि सरेको छ, तर यो निकै उच्चस्तरको फिल्म बन्दैछ । 'बाहुबली' पछि प्रभासलाई यति उत्कृष्ट लुक्समा तपाईंहरूले देख्नुभएको छैन होला ।

फिल्म ढिला भएकोमा क्षमाप्रार्थी छौं, तर यो फिल्म तपाईंहरूले जीवनभर सम्झिनुहुनेछ । यो निकै ठुलो र शानदार प्रोजेक्ट हो ।' यसअघि फिल्म आगामी डिसेम्बरमा रिलिज हुने बताइएको थियो । फिल्ममा प्रभासको अलवा इमानवी इस्माइल, सज्जाद डेलाफ्रुज, मिथुन चक्रवर्ती र अनुपम खेर जस्ता कलाकारको अभिनय देख्न सकिन्छ ।

# लालबन्दी-सलेमपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ७ असोज**

सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित नवलपुर सबस्टेसनदेखि चक्रघट्टा गाउँपालिका-७, चैनपुरासम्मको लालबन्दी-सलेमपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । यो आयोजना अन्तर्गत चैनपुरामा निर्माण गरिएको १३२/३३/११ केभी सबस्टेसनसमेत सञ्चालनमा आएको छ ।

सबस्टेसनमा १३२/३३ केभी, ३० एमभिए क्षमताका दुई वटा तथा ३३/११ केभी, २४ एमभिए क्षमताको एक पावर ट्रान्सफर्मर जडान गरिएको छ । यससँगै सबस्टेसनको कुल क्षमता ८४ एमभिए रहेको जनाइएको छ । स्थानीय क्षेत्रमा विद्युत् वितरणका लागि सबस्टेसनबाट ३३ केभीका पाँच वटा र ११ केभीका छ वटा फिडर निकालिएका छन् ।

प्रसारण लाइन र सबस्टेसन सञ्चालनमा आएपछि सर्लाहीको मलङ्गवा, हरिपुर, हरिपूर्वा, डुमरिया, बरहथवा लगायतका क्षेत्रमा विद्युत् आपूर्ति थप भरपर्दो र गुणस्तरीय हुने अपेक्षा प्राधिकरणले गरेको छ ।

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**जलेश्वर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# प्रधानमन्त्री बालेन्द्र शाहको न्यूयोर्क यात्रा सही अर्थमा नेपालको कूटनीतिक परीक्षाको घडी हो

**-प्रेमचन्द्र झा**

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह आज (मंगलबार) ०६ गतेमा संयुक्त राज्य अमेरिका जाँदैछन् । संयुक्त राष्ट्रसंघको ८१औँ महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन न्यूयोर्क पुग्ने प्रधानमन्त्री शाहले अशोज ०८ गते विहिवार का दिन महासभाको सामान्य बहसलाई सम्बोधन गर्नेछन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग उनको भेटवार्ता पनि तय भएको छ । प्रधानमन्त्रीको नेतृत्वमा जाने नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार ब्यञ्जनकार, परराष्ट्रसचिव अमृतबहादुर राईलगायत वरिष्ठ अधिकारी सहभागी हुनेछन् । प्रधानमन्त्री अशोज १० गतेमा स्वदेश फर्कने कार्यतालिका छ ।

क्यालेन्डरमा यो एउटा सामान्य विदेश भ्रमणजस्तो देखिन सक्छ। तर नेपालको वर्तमान अवस्था हेर्दा यो भ्रमण त्यति सामान्य छैन । प्रधानमन्त्री शाह पहिलोपटक संयुक्त राष्ट्रसंघको विश्वमञ्चमा नेपालको नेतृत्व गर्दैछन् । उनको अगाडि नेपालको आन्तरिक राजनीतिक परिवर्तनको कथा मात्र छैन, विश्व जलवायु संकटको अग्रपंक्तिमा उभिएको हिमाली देशको पीडा पनि छ। उनको पछाडि भोटेकोशी, रसुवा, नुवाकोट र धादिङमा बाढी-पहिरोले भत्काएका घर, बगेका सडक, पुरिएका बस्ती, बेपत्ता नागरिक र छिन्नभिन्न भएको जनजीवन छ । अगाडि विश्वका शक्तिशाली राष्ट्रका सरकार प्रमुख छन्। बीचमा नेपालले दशकौँदेखि भोगिरहेको एउटा प्रश्न छ–जलवायु संकट सिर्जना गर्न नगण्य भूमिका खेलेको देशले जलवायुजन्य विपद्को मूल्य किन यति महँगो तिर्ने ? यही प्रश्नलाई प्रधानमन्त्री शाहले न्यूयोर्कमा नेपालको मुख्य कूटनीतिक अस्त्र बनाउन सक्नेछन् । तर प्रश्न यति मात्र होइन, उनले विश्वमञ्चबाट फर्किंदा नेपालले के ल्याउनेछन् भन्ने पनि हो । भाषण, भेटघाट, फोटो र औपचारिक वक्तव्य त हरेक प्रधानमन्त्रीको विदेश भ्रमणमा हुन्छन् । यसपटक नेपालको अपेक्षा त्योभन्दा ठूलो छ। नेपाललाई राहत चाहिएको छ, तर राहतभन्दा ठूलो कुरा पुनर्निर्माण चाहिएको छ । पुनर्निर्माणभन्दा ठूलो कुरा भविष्यको विपद् रोक्ने क्षमता चाहिएको छ । त्यसका लागि पैसा चाहिन्छ, प्रविधि चाहिन्छ, अन्तर्राष्ट्रिय सहकार्य चाहिन्छ र सबैभन्दा महत्वपूर्ण जलवायु न्यायको आधारमा विश्वसँग आफ्नो हिस्साको माग गर्न सक्ने राजनीतिक क्षमता चाहिन्छ। २०८३ भदौ १० गतेमा आएको विनाशकारी बाढी तथा पहिरोपछि संयुक्त राष्ट्रसंघ र मानवीय साझेदारहरूले नेपालका प्रभावित समुदायका लागि ४९.६ मिलियन अमेरिकी डलरको आपत्कालीन अपिल जारी गरिसकेका छन् । संयुक्त राष्ट्रसंघका अनुसार उक्त विपद्मा १,२५० भन्दा बढी मानिसको ज्यान गएको र हजारौं मानिस बेपत्ता भएको प्रारम्भिक विवरण सार्वजनिक गरिएको थियो । ८४ हजारभन्दा बढी प्रभावितलाई चार महिनाको मानवीय सहायता योजनामार्फत सहयोग गर्ने लक्ष्य राखिएको छ। अब प्रश्न उठ्छ–यदि संयुक्त राष्ट्रसंघले आपत्कालीन राहतका लागि अपिल गरिसकेको छ भने प्रधानमन्त्री शाहले महासभामा फेरि के माग्ने ? उत्तर स्पष्ट हुनुपर्छ–नेपालले अब राहतको सूची होइन, पुनर्निर्माण र जलवायु न्यायको अन्तर्राष्ट्रिय खाका माग्नुपर्छ ।

नेपालले विश्वसमक्ष आफ्नो पीडा सुनाउने धेरै अवसर पाइसकेको छ । अहिले विश्वले नेपालमा के भयो भन्ने सुन्ने मात्र होइन, त्यसपछि के गर्नुपर्छ भन्ने नेपालको प्रस्ताव सुन्न चाहन्छ । प्रधानमन्त्री शाहले यही अन्तरलाई बुझ्नुपर्नेछ। नेपालले भन्नुपर्ने पहिलो कुरा हो–जलवायु परिवर्तन अब भविष्यको संकट होइन, वर्तमानको वास्तविकता हो। हिमालय पग्लिँदैछ, हिमतालको जोखिम बढिरहेको छ, वर्षाको स्वरूप बदलिँदैछ, छोटो समयमा अत्यधिक वर्षा हुने घटना बढिरहेका छन् र त्यसको असर बाढी तथा पहिरोका रूपमा गाउँदेखि राजमार्ग, जलविद्युत् आयोजना र सहरसम्म पुगेको छ । नेपालको कार्बन उत्सर्जन विश्वको कुल उत्सर्जनको अत्यन्त सानो अंश भए पनि जलवायु संकटको असर नेपालले प्रत्यक्ष भोगिरहेको छ । त्यसैले नेपालको प्रश्न सहानुभूतिको प्रश्न होइन, न्यायको प्रश्न हो ।

तर 'जलवायु न्याय' शब्द उच्चारण गरेर मात्र न्याय प्राप्त हुँदैन । त्यसलाई वित्तीय संरचनासँग जोड्नुपर्छ । 'लस एन्ड ड्यामेज' अर्थात् जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीको अन्तर्राष्ट्रिय संयन्त्रमा नेपालजस्ता जोखिममा रहेका मुलुकले सहज पहुँच पाउनुपर्ने माग उठाउनुपर्छ। जलवायु अनुकूलनका लागि ऋणभन्दा अनुदानमा जोड दिनुपर्छ । हिमाली मुलुकका लागि छुट्टै वैज्ञानिक अनुसन्धान र जोखिम व्यवस्थापन कोषको प्रस्ताव गर्न सकिन्छ । जलवायु वित्तमा पहुँच लिनका लागि जटिल अन्तर्राष्ट्रिय प्रक्रियाले नेपालजस्ता कमजोर प्रशासनिक क्षमता भएका मुलुकलाई फेरि कमजोर बनाउनु हुँदैन भन्ने प्रश्न पनि उठाउन सकिन्छ ।

नेपालले विश्वलाई एउटा असहज तर आवश्यक प्रश्न सोध्नुपर्छ–जलवायु संकटको भार सबैले समान रूपमा बोक्नुपर्ने हो भने त्यसबाट हुने क्षति पनि समान रूपमा बाँडिनुपर्दैन ? विश्वको औद्योगिकीकरण र जीवाश्म इन्धनमा आधारित आर्थिक वृद्धिबाट सबैभन्दा धेरै लाभ लिएका देशहरूले अहिले जलवायु संकटको असरबाट जोगिन सक्ने क्षमता पनि बनाएका छन् । तर नेपालजस्तो देशले प्राकृतिक स्रोत, कमजोर पूर्वाधार र सीमित वित्तीय क्षमताका कारण हरेक ठूलो विपद्पछि फेरि शून्यबाट विकास सुरु गर्नुपर्छ। यो चक्र तोड्न अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा परिवर्तन आवश्यक छ । नेपालले न्यूयोर्कमा अर्को ठूलो मुद्दा उठाउन सक्छ–हिमालयलाई विश्वव्यापी जलवायु सुरक्षाको विषय बनाउने । हिमालय नेपालका लागि मात्र हिमाल होइन । यसबाट बग्ने नदीहरू भारत, बंगलादेशलगायत दक्षिण एसियाका करोडौँ मानिसको जीवनसँग जोडिएका छन् । उत्तरी हिमाली क्षेत्र चीनको तिब्बती भूभागसँग जोडिएको छ । हिमनदी पग्लनु, हिमतालको जोखिम, नदीको बहावमा परिवर्तन र अत्यधिक वर्षा कुनै एउटा देशको सीमाभित्र सीमित रहने समस्या होइन। त्यसैले नेपालले 'हिमालयन क्लाइमेट एन्ड डिजास्टर रेजिलियन्स इनिसिएटिभ' जस्तो अन्तर्राष्ट्रिय संयन्त्र प्रस्ताव गर्न सक्छ



। यसको अर्थ नयाँ संस्था खडा गरेर कर्मचारी थप्नु होइन। नेपालमा रहेको आइ सि आइ एम ओ डी, संयुक्त राष्ट्रसंघीय निकाय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपालका विश्वविद्यालय र भारत-चीनका सम्बन्धित वैज्ञानिक संस्थालाई एउटै वैज्ञानिक सञ्जालमा जोड्नु हो । हिमनदीको संयुक्त अनुगमन, हिमतालको जोखिम नक्सांकन, मौसमको वास्तविक समय सूचना, नदीको जलस्तर, उपग्रहबाट प्राप्त तस्वीर, बाढी पूर्वसूचना र सीमापार उद्धार प्रणालीलाई एउटै क्षेत्रीय संरचनामा जोड्न सकिन्छ । यो विषयमा चीनले हालै स्वयं सहकार्यको संकेत दिएको छ। चीनले नेपालसँग हिमाली क्षेत्रमा संयुक्त अनुगमन, प्रारम्भिक चेतावनी प्रणाली, सीमापार आपत्कालीन समन्वय र विपद्पछिको पुनर्निर्माणमा सहकार्य विस्तार गर्न सकिने बताएको छ । चीनले भोटेकोशी विपद्पछि उद्धार विशेषज्ञ, नगद सहयोग, राहत सामग्री तथा जल-मौसमसम्बन्धी तथ्यांक उपलब्ध गराएको र नेपालका लागि एमएजेडयु नामक प्रारम्भिक चेतावनी समाधान विकास गरेको जनाएको छ । चीनको सहयोगको अर्को चरण पनि आएको छ ।

भदौ २३ गतेमा चीनले उद्धारका लागि होभेरक्राफ्ट , फलुड पुम्पस, मोरटुअरी फ्रिजेरस र सोलार लाइटस लगायतका सामग्री नेपाल पठाएको जनाएको छ। यसअघि ड्रोन, डिएनए परीक्षण उपकरण, पानी शुद्धीकरण उपकरण र अन्य सामग्री पनि पठाइएको थियो । यी सहयोग तत्कालीन संकटका लागि महत्वपूर्ण छन् । तर नेपालको कूटनीतिक बुद्धिमत्ता त्यहाँ देखिनुपर्छ जहाँ तत्कालीन राहतलाई दीर्घकालीन संरचनामा बदल्न सकिन्छ। चीनले उद्धारका लागि दिएको होभेरक्राफट आज काम लाग्यो भने भोलि त्यही प्रविधि उच्च जोखिम भएका अन्य नदी क्षेत्रमा पनि उपयोग गर्न सकिन्छ । आज चीनले उपलब्ध गराएको जल-मौसम सूचना भोलि नेपाल-चीन सीमावर्ती हिमाली क्षेत्रको स्थायी पूर्वसूचना प्रणालीको आधार बन्न सक्छ । त्यसैले प्रधानमन्त्री शाहले 'धन्यवाद'मा कुरा टुंग्याउने होइन, 'अब यसलाई संस्थागत कसरी गर्ने ?' भनेर प्रश्न गर्नुपर्छ ।

भारतको सवाल अझ संवेदनशील छ। नेपालको दक्षिणतर्फ बग्ने प्रमुख नदी प्रणाली भारतसँग प्रत्यक्ष जोडिएका छन् । नेपालमा आएको बाढीको प्रभाव भारतमा पनि पुग्छ । भारतमा हुने बाढीको असर नेपालका सीमावर्ती बस्तीमा पर्न सक्छ। नदी, ऊर्जा, व्यापार, पूर्वाधार र सीमावर्ती नागरिकको जीवन यति गहिरो रूपमा जोडिएको अवस्थामा नेपाल-भारत सम्बन्धलाई केवल राजनीतिक बयानबाजीको चस्माबाट हेर्नु पर्याप्त हुँदैन। नेपालले भारतसँग अब नयाँ पुस्ताको बाढी पूर्वसूचना प्रणालीको माग गर्न सक्छ। नेपालमा माथिल्लो क्षेत्रमा अत्यधिक वर्षा हुँदा त्यसको सूचना भारतको सीमावर्ती क्षेत्रमा पुग्ने र भारततर्फका नदीको बहाव बढ्दा त्यसको सूचना नेपालका तल्लो तटीय बस्तीमा पुग्ने वास्तविक समय प्रणाली विकास गर्न सकिन्छ। नेपाल र भारतबीच भएका नदी तथा बाढीसम्बन्धी संयन्त्रलाई डिजिटल प्रविधि, उपग्रह र स्वचालित जलमापन केन्द्रसँग जोड्न सकिन्छ । भारतसँग ऊर्जा सहकार्य पनि त्यत्तिकै महत्वपूर्ण छ । विपद्ले नेपालको जलविद्युत् संरचनाको जोखिम देखाएको छ। विद्युत् उत्पादन मात्र गरेर पुग्दैन, विद्युत् गृह, प्रसारण लाइन, पहुँच सडक र जलाशय संरचना भविष्यका बाढी तथा पहिरो सहन सक्ने बनाउनुपर्नेछ । भारत नेपालको ठूलो विद्युत् बजार भएकाले उससँगको ऊर्जा सम्बन्धलाई विपद्पछिको पुनर्निर्माणसँग पनि जोड्न सकिन्छ। नेपालले भारतसँग दीर्घकालीन विद्युत् व्यापारको सुनिश्चितता, प्रसारण पूर्वाधार र जलविद्युत् क्षेत्रमा विपद् प्रतिरोधी लगानीको विषय उठाउन सक्छ ।

तर भारत र चीनसँग सहयोग माग्दा नेपालले एउटा कुरा स्पष्ट राख्नुपर्छ–नेपाल कुनै शक्ति-प्रतिस्पर्धाको मैदान होइन। नेपालको हिमालयलाई भारत र चीनको रणनीतिक प्रतिस्पर्धाको भूगोल होइन, सहकार्यको भूगोल बनाउनुपर्छ। यही ठाउँमा प्रधानमन्त्री शाहको कूटनीतिक परिपक्वताको परीक्षा हुनेछ । भारतसँग नदी र ऊर्जा, चीनसँग हिमालय र प्रविधि, अमेरिकासँग शिक्षा, अनुसन्धान, प्रविधि र लगानी, संयुक्त राष्ट्रसंघसँग जलवायु वित्त र पुनर्निर्माण–नेपालले यस्तो विषयगत कूटनीतिक ढाँचा निर्माण गर्न सक्छ। त्यसो भयो भने नेपालले कसैलाई रोज्नुपर्ने हुँदैन; नेपालले आफ्नो आवश्यकता रोज्छ । नेपालको कूटनीतिमा लामो समयदेखि अर्को कमजोरी देखिँदै आएको छ–हामी सहयोग माग्छौँ, तर त्यसलाई राष्ट्रिय रणनीतिसँग जोड्दैनौँ । दाता आए परियोजना बन्यो, दाता गए परियोजना सकियो । अब त्यो शैली बदल्नुपर्छ । भोटेकोशीपछिको पुनर्निर्माण पनि अर्को अस्थायी परियोजना बन्नु हुँदैन । यसलाई 'नेपाल रेजिलियन्ट इन्फ्रास्ट्रक्चर प्रोग्राम' जस्तो दीर्घकालीन राष्ट्रिय कार्यक्रमसँग जोड्न सकिन्छ । नेपालका सडक किन बारम्बार बग्छन् ? पुल किन नदीको बहावको वास्तविक जोखिम नहेरी निर्माण हुन्छन् ? बस्ती किन नदीको प्राकृतिक बहाव क्षेत्रमा फैलिन्छन् ? पहाडी क्षेत्रमा सडक खन्दा पहिरोको वैज्ञानिक अध्ययन किन हुँदैन ? जलविद्युत् आयोजना निर्माण गर्दा जलवायु जोखिमलाई परियोजनाको लागतमा किन समेटिँदैन ? यस्ता प्रश्नको उत्तर खोज्न नसक्ने हो भने अन्तर्राष्ट्रिय समुदायबाट आएको करोडौँ डलर पनि अर्को विपद्मा फेरि बग्न सक्छ। त्यसैले प्रधानमन्त्रीले विश्वसँग सहयोग माग्दै गर्दा नेपालले आफ्नै कमजोरी स्वीकार गर्ने साहस पनि देखाउनुपर्छ । 'हामी निर्दोष छौँ, विश्वले मात्र बिगार्‍यो' भन्ने भाषाले अन्तर्राष्ट्रिय सहानुभूति त पाउन सक्छ, तर दीर्घकालीन साझेदारी पाउन कठिन हुन्छ । सही सन्देश यस्तो हुनुपर्छ–'नेपाल आफ्नो पूर्वतयारी, निर्माण मापदण्ड, जोखिम व्यवस्थापन र शासन प्रणाली सुधार गर्न तयार छ; तर हाम्रो क्षमताभन्दा बाहिरको जलवायु संकटसँग जुध्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ।' यसमा अर्को ठूलो प्रश्न जोडिन्छ–संयुक्त राष्ट्रसंघले नेपाललाई कति सहयोग गर्न सक्छ ? उत्तर यथार्थवादी हुनुपर्छ। महासभा आफैँ पैसा बाँड्ने संस्था होइन। महासभाले राजनीतिक प्रतिबद्धता निर्माण गर्छ, अन्तर्राष्ट्रिय संस्थाहरूलाई परिचालन गर्ने वातावरण बनाउँछ, बहुपक्षीय प्रक्रियालाई गति दिन्छ र विश्वका सरकार प्रमुखलाई एउटै मञ्चमा ल्याउँछ। त्यसैले प्रधानमन्त्री शाहले महासभाबाट तत्काल ठूलो रकमको घोषणा मात्र खोज्नु हुँदैन । उनले संयुक्त राष्ट्रसंघीय प्रणालीलाई नेपालका लागि दीर्घकालीन पुनर्निर्माण र जलवायु साझेदारीमा परिचालन गर्नुपर्छ। संयुक्त राष्ट्रसंघले पहिले नै ४९.६ मिलियन डलरको आपत्कालीन अपिल गरिसकेको छ। अब त्यसपछि के ? नेपालले पुनर्निर्माणको विस्तृत आवश्यकता मूल्यांकन, क्षति नक्सांकन र प्राथमिकता निर्धारणका लागि संयुक्त राष्ट्रसंघीय प्राविधिक सहयोग माग्न सक्छ । कुन पुल पहिले बनाउने, कुन सडक सुरक्षित बनाउने, कुन बस्ती स्थानान्तरण गर्ने, कुन विद्यालय पुनर्निर्माण गर्ने र कुन जलविद्युत् आयोजना सुरक्षित बनाउने भन्ने विषयमा वैज्ञानिक आधार चाहिन्छ । त्यसका लागि संयुक्त राष्ट्रसंघीय विकास प्रणाली, विश्व बैंक, एसियाली विकास बैंक, जलवायु कोष र द्विपक्षीय विकास साझेदारलाई एउटै पुनर्निर्माण ढाँचामा ल्याउन सकिन्छ ।

नेपालले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई पनि असहज प्रश्न सोध्नुपर्छ । विपद्ले नेपाललाई विकासका लागि लिएको ऋणको भार घटाउँदैन; उल्टै पुनर्निर्माणका लागि थप ऋण लिनुपर्ने अवस्था आउँछ। एउटा गरीब वा विकासोन्मुख देश प्राकृतिक विपद्मा परेपछि उसलाई फेरि ऋण दिएर मात्र समस्या समाधान हुन्छ ? कि विपद् प्रभावित मुलुकका लागि ऋण पुनर्संरचना, भुक्तानी स्थगन, सहुलियतपूर्ण वित्त र अनुदानको छुट्टै प्रणाली आवश्यक हुन्छ ? नेपालले यस्ता प्रश्न अन्तर्राष्ट्रिय वित्तीय मञ्चमा पनि उठाउनुपर्छ । नेपाल अति कम विकसित मुलुकको सूचीबाट स्तरोन्नतिको चरणमा पनि छ। तर 'ग्राजुएसन'ले नेपालको हिमाल सुकाउँदैन, बाढी रोक्दैन, पहिरो थाम्दैन र विपद्को जोखिम घटाउँदैन । २०८३ मंसिर १० गतेमा एलसीडी श्रेणीबाट स्तरोन्नति हुने नेपालको प्रक्रियालाई सुरक्षित र दिगो बनाउनु आवश्यक छ। त्यसैले व्यापार सुविधा,

क्रमशः

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday